राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
तपाईंको आफ्नै बैंक

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको पदपूर्ति सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/०१/०७)**

यस बैंकमा रिक्त प्रमुख कार्यकारी अधिकृत पदमा खुल्ला प्रतिस्पर्धात्मक प्रतियोगिताको आधारमा पदपूर्ति गर्नुपर्ने भएकोले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन, नेपाल राष्ट्र बैंकबाट जारी बैंक वा वित्तीय संस्थाका सञ्चालक र कार्यकारी प्रमुखको नियुक्तिका लागि आवश्यक योग्यता तथा कार्य अनुभवसम्बन्धी विनियमावली २०७४, राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको पदपूर्तिसम्बन्धी कार्यविधि २०८०, समेतका व्यवस्था अनुसार देहायको न्यूनतम शैक्षिक योग्यता र कार्य अनुभव हासिल गरेका इच्छुक योग्य नेपाली नागरिकहरूबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१(एक्काइस) दिन भित्र (कार्यालय समयभित्र, सो दिन बिदा परेमा भोलिपल्ट कार्यालय खुलेको दिन कार्यालय समयभित्र ) यस बैंकको केन्द्रीय कार्यालय, सिंहदरबारप्लाजा, काठमाडौंमा रहेको सञ्चालक समितिको सचिवालयमा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## १. न्यूनतम शैक्षिक योग्यता र कार्य अनुभव :

(१) व्यवस्थापन, बैंकिङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, लेखा, गणित, व्यापार प्रशासन वा कानून विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको,

(२) चार्टर्ड एकाउण्टेन्सी वा व्यवस्थापन, बैंकिङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, तथ्याङ्कशास्त्र, लेखाशास्त्र, गणित, व्यापार प्रशासन वा कानून विषयमा स्नातक उपाधि हासिल गरी बैंकिङ्ग तथा वित्तीय क्षेत्र, सरकारी निकाय, संगठित संस्था, विश्वविद्यालय वा त्यस्तो कार्य गर्ने अन्तर्राष्ट्रिय संघ वा संस्थाको अधिकृत तह वा सो भन्दा माथिको पदमा कम्तीमा दश वर्षको कार्य अनुभव गरेको,

(३) कार्यकारी प्रमुखको नियुक्तिको सम्बन्धमा नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड पूरा गरेको ।

## २. दरखास्त साथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरू :

(१) उम्मेदवारले दरखास्त पेश गर्दा दरखास्त फारम, शैक्षिक योग्यता, कार्य अनुभव पुष्ट्याई गर्ने कागजात, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, इमेल, टेलिफोन, मोबाइल नम्बर, घर र/वा कार्यालयको ठेगाना सहितको विस्तृत वैयक्तिक विवरण **(Bio-Data)** को प्रत्येक पानाको अन्तमा उम्मेदवारले दस्तखत गरी दुई प्रति पासपोर्ट साईजको फोटो सहित छुट्टै खाममा सिलबन्दी गरी पेश गर्नु पर्नेछ ।

(२) उम्मेदवारले आफ्नो दरखास्त साथ व्यवसायिक कार्य योजना छुट्टै खाममा सिलबन्दी गरी पेश गर्नु पर्नेछ । सिलबन्दी व्यवसायिक योजनाको भित्री पृष्ठमा उम्मेदवारले पहिचान खुल्ने गरी नाम वा कुनै संकेत लेख्न पाइने छैन ।

(३) उम्मेदवारले दरखास्त पेश गर्दा कुनै निकायमा सेवारत भएमा सेवारत निकायको विभागीय स्वीकृति संलग्न गर्नु पर्नेछ ।

RASTRIYA BANIJYA BANK LTD. CENTER OFFICE

(४) नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र तथा कार्य अनुभव पुष्ट्याई गर्ने कागजातहरूको प्रतिलिपि आवेदक स्वयम्ले प्रमाणित गरी दरखास्त साथ पेश गर्नु पर्नेछ । विदेशी विश्वविद्यालयबाट अध्ययन गरेका उम्मेद्वारले त्रिभुवन विश्वविद्यालयबाट प्राप्त गरेको समकक्षताको प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ ।

**३. <u>दरखास्त साथ निम्न लिखित व्यहोरा आवेदक स्वयम्ले प्रमाणित गरी संलग्न गर्नुपर्ने</u> :**

(१) कुनै राजनीतिक दलको सदस्य नभएको ।

(२) यस बैंकसँगको ठेक्कापट्टा वा कुनै चल/अचल सम्पत्तिसम्बन्धी कारोबारमा आफैं वा आफ्नो परिवारको कुनै सदस्यको संलग्नता नभएको वा यस बैंकसँग निजी स्वार्थ नभएको ।

(३) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, बैंकिङ्ग कसुर वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहर नभएको ।

(४) टाट नपल्टेको वा बेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको एवम् दामासाहीमा नपरेको ।

(५) कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश नभएको।

(६) आर्थिक वर्ष २०७९/८० को कर चुक्ता प्रमाणपत्र ।

(७) आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकी नरहेको ।

(८) बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३; नेपाल राष्ट्र बैंकद्वारा जारी एकीकृत निर्देशन; नेपाल राष्ट्र बैंकबाट जारी भएको बैंक वा वित्तीय संस्थाका सञ्चालक र कार्यकारी प्रमुखको नियुक्तिका लागि आवश्यक योग्यता तथा कार्य अनुभवसम्वन्धी विनियमावली, २०७४ तथा अन्य प्रचलित नेपाल कानूनद्वारा अयोग्य नरहेको ।

**४. <u>व्यवसायिक कार्य योजना पेश गर्नुपर्ने</u> :**

उम्मेदवारले आफ्नो दरखास्त साथ ५ हजार शब्दमा नबढ्ने गरी (अनुसूची बाहेक) तयार गरिएको तीन प्रति व्यवसायिक कार्य योजना **(Business Plan)** र सो को **Soft Copy (Pen Drive)** समेत सिलबन्दी गरी पेश गर्नु पर्नेछ । व्यवसायिक कार्य योजना तयार गर्दा प्रमुख कार्यकारी अधिकृतको लागि तोकिएको कार्यक्षेत्रगत शर्तहरू **(TOR)** र राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको पदपूर्तिसम्बन्धी कार्यविधि २०८०, मा रहेका व्यवसायिक कार्य योजनामा पेश गर्नुपर्ने बुँदाहरू समेतका आधारमा तयार पारिएको हुनु पर्नेछ ।

**५. <u>छनौटका आधार तथा पक्रिया</u> :**

(१) उम्मेदवारको शैक्षिक योग्यता, कार्य अनुभव र पेश भएको व्यवसायिक कार्य योजनाको मूल्याङ्कनमा कम्तीमा ६०(साठी) प्रतिशत अङ्क प्राप्त गर्ने उम्मेदवारहरूमध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने (सम्भव भएसम्म ५(पाँच) जना) उम्मेदवारलाई छनौट (शर्ट लिष्टिङ्ग) गरी व्यवसायिक कार्य योजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्ताका लागि छनौट गरिनेछ । शर्ट लिष्टिङ्गमा परेका उम्मेदवारले तोकिएको मिति र समयमा व्यवसायिक कार्य योजनाको प्रस्तुति समेत गर्नु पर्नेछ । तर बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३; नेपाल राष्ट्र बैंकद्वारा जारी एकीकृत निर्देशन; नेपाल राष्ट्र बैंकबाट जारी भएको बैंक वा वित्तीय संस्थाका सञ्चालक र कार्यकारी प्रमुखको नियुक्तिका लागि आवश्यक योग्यता तथा कार्य अनुभव

RASTRIYA BANIJYA BANK LTD. CENTER OFFICE

सम्बन्धी विनियमावली, २०७४; बमोजिम मापदण्ड नपुगेका, तोकिएको कागजात पेश नगर्ने तथा रीतपूर्वक दरखास्त प्राप्त नभएका उम्मेदवारलाई शर्ट लिष्टिङ्ग गरिने छैन ।

(२) उपदफा (१) अनुसार छनौट भएका उम्मेदवारहरूमध्ये शैक्षिक योग्यता,कार्य अनुभव, व्यवसायिक कार्य योजनाको मूल्याङ्कन र व्यवसायिक कार्य योजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्ता समेतमा प्राप्त अङ्कको योग्यताको आधारमा उच्चतम अङ्क प्राप्त गर्ने तीन जनालाई वर्णानुक्रमानुसार सञ्चालक समिति समक्ष सिफारिस गरिनेछ ।

(३) चारवटा भन्दा कम दरखास्त परेमा उक्त दरखास्तलाई कायमै राखी म्याद सकिएको ३ (तीन ) कार्यदिनभित्र थप १५(पन्ध्र) दिनको म्याद दिई दरखास्त दिने सूचना प्रकाशित गरिनेछ । थप भएको म्यादभित्र समेत चारवटा भन्दा बढी दरखास्त प्राप्त नभएमा जति दरखास्त प्राप्त भएको छ सोहीबमोजिम नै प्रकृया अगाडि बढाइनेछ ।

(४) प्रस्तुतीकरण तथा अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, कार्य अनुभव, नेपाली नागरिकताको प्रमाणपत्र एवम् दरखास्त साथ पेश गरेको अन्य कागजातहरूको सक्कल प्रति साथै लिई प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि उपस्थित हुनु पर्नेछ ।

६. **पारिश्रमिकसम्बन्धी विवरण** :

प्रमुख कार्यकारी अधिकृतलाई करारमा उल्लेख भएका शर्तहरु बमोजिम मासिक पारिश्रमिक, भत्ता तथा अन्य सुविधा सञ्चालक समितिले तोकेबमोजिम उपलब्ध गराइनेछ ।

७. **अन्य विवरण** :

(१) प्रमुख कार्यकारी अधिकृतको पदपूर्तिसम्बन्धी कार्यविधि, २०८० तथा दरखास्त फारम यस बैंकको वेभसाइटबाट प्राप्त गर्न सकिनेछ ।

(२) सिलबन्दी व्यवसायिक कार्य योजनामा उम्मेदवारको पहिचान देखिने गरी नाम वा कुनै संकेत लेख्न पाइने छैन ।

(३) दरखास्त पेश गर्दा खामको बाहिर **"राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदका लागि दरखास्त/व्यवसायिक कार्य योजना"** भन्ने उल्लेख गरेको हुनु पर्नेछ ।

(४) यो सूचनाबमोजिम प्राप्त भएका दरखास्त उप समितिले कुनै कारण उल्लेख गरी वा नगरी रद्द गर्न सक्नेछ ।

(५) झुठ्ठा विवरण वा कागजात पेश गरेमा प्राप्त दरखास्त रद्द हुनुका साथै प्रचलित कानूनबमोजिम आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइनेछ ।

(६) यससम्बन्धी थप जानकारीका लागि यस बैंकको केन्द्रीय कार्यालयको सञ्चालक समितिको सचिवालयमा स्वयम् आएर वा फोन नं. ०१-५७२१२२० (एक्स्टेन्सन २८१७, २८१९, २८१५) मा सम्पर्क गर्न सकिनेछ ।

RASTRIYA BANIJYA BANK LTD. CENTER OFFICE